# आर्थिक वर्ष २०७६/७७

# को

# बजेट वक्तव्य

## चामे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चामे, मनाङ

गण्डकी प्रदेश, नेपाल

२०७६

# चामे गाउँपालिकाको पाँचौ गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/०७७ को
# बजेट वक्तव्य

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल

२०७६ साल असार १० गते मंगलवार

*सभाध्यक्ष महोदय,*

१. संघीय शासन प्रणाली संस्थागत भएपछि संविधान र वित्तीय संघीयताको कार्यान्वयनकै चरणमा चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त सुखद अनुभूति गरेको छु ।

२. आमूल राजनैतिक परिवर्तन मार्फत मुलूकको समग्र रुपान्तरणको लागि भएका सम्पूर्ण आन्दोलनको स्मरण गर्दै आफ्नो ज्यानको आहुति दिनुहुने सहितहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

३. संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा गाउँबासीको माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संस्था र व्यक्तिहरुको सुझाव र उपलब्ध सीमित साधन स्रोतको आधारमा यो बजेट तयार गरेको छु।

*सभाध्यक्ष महोदय,*

४. जनआकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट आसीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तापनि भरसक संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।

५. विना योजना गाउँको विकास सम्भव नभएको हुँदा गाउँपालिकाको तीन वर्षे आवधिक योजना, पर्यटन गुरुयोजना, भू-उपयोग नक्शाङ्कन र ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारका आधारमा आयोजना सञ्चालन गर्ने नीतिलाई आत्मसाथ गर्दै बजेटको सुनिश्चित्ता गरेको छु ।

६. आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीलाई सम्वोधन गर्ने क्रममा प्राप्त मागहरुलाई संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमहरुसँग समन्वय र साझेदारीमा समेत अगाडी बढ्ने गरी बजेटलाई परिलक्षित गरेको छु ।

७. प्रस्तुत बजेट समृद्ध गाउँ निर्माणको लक्ष्य तथा सीमित साधनको अत्युत्तम परिचालनद्वारा गाउँको समग्र विकास गर्ने उद्देश्यका साथ मुलत: नेपालको संविधान,

संघीय र प्रादेशिक कानूनहरु, स्थानीय सरकार सञ्चालन ऐन, गाउँसभाबाट पारित गरेको चामे गाउँपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता, पन्ध्रौ योजना र दिगो विकास लक्ष्यलाई मुख्य आधार बनाएर तर्जुमा गरेको छु ।

*सभाध्यक्ष महोदय,*

८. अब म चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ को संशोधित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. चालु आर्थिक वर्ष २०७५/७६ मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ६ करोड, सशर्त अनुदान तर्फको रु. ५ करोड ८८ लाख, सामाजिक सुरक्षा कार्यक्रमतर्फ रु. १३ लाख, राजस्व बाँडफाँड तर्फ रु. ३ करोड, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. १ करोड ९ लाख ९८ हजार, राजस्व बाँडफाँड तर्फ रु. २ लाख ६१ हजार र आन्तरिक आय तर्फ कर, दस्तुर र सेवा शुल्क बापत रु. ३० लाख र गत वर्षको मौज्दात तर्फको आन्तरिक आय तर्फ रु. १ करोड ६१ लाख ८ हजार गरी जम्मा रु. १८ करोड ४ लाख ६७ हजारको संशोधित आय अनुमान रहेको छ ।

१०. चालु आर्थिक वर्ष २०७५/७६ मा यस गाउँपालिकाको समग्र लगानीलाई क्षेत्रगतरुपमा बाँडफाँड गारी समाजिक सुरक्षातर्फ १३ लाख, सशर्त अनुदान तर्फ शिक्षामा रु. २ करोड ३७ लाख ५४ हजार, स्वास्थ्यमा २ करोड ५४ लाख ४६ हजार, आयुर्वेदमा रु. ५५ लाख २७ हजार, उर्जामा ७ लाख ७३ हजार, कृषिमा रु. ७ लाख ९२ हजार, पशुमा रु. ४ लाख ४९ हजार, वन तथा वातावरणमा रु. ३ लाख ५० हजार, महिला बालबालिका तथा समाजकल्याणमा रु. ८ लाख २७ हजार, युवा तथा खेलकुदमा रु. ८ लाख ८२ हजार र वित्तीय समानीकरण तर्फबाट चालु खर्चमा रु. १ करोड ६९ लाख ९८ हजार, पूँजीगत खर्चमा रु. ५ करोड ४० लाख, भवन तथा पूर्वाधार संरचनामा रु. ५ करोड ५२ लाख २८ हजार, संस्थागत विकास तथा क्षमता अभिवृद्धिमा रु १ करोड ५४ लाख ७० हजार गरी जम्मा रु. १८ करोड ४ लाख ६७ हजार संशोधित बजेट विनियोजन गरी आयोजना तथा कार्यक्रमहरु संचालित रहेका छन् ।

*सभाध्यक्ष महोदय,*

११. अब म चामे गाउँपालिकाका जनताको हित र उन्नति एवं चामे बासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक, वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०७६/७७ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) पूर्वाधार विकास

### सडक

१२. चामे गाउँपालिका मुलत मर्स्याङ्दी कोरीडोर क्षेत्रमा अवस्थित रहेकोले कोरीडोर क्षेत्रको विकासमै गाउँपालिकाको समग्र क्षेत्रको विकास निहित रहेकोले चामे गाउँपालिका भित्र चक्रपथ निर्माण गर्ने, चामे बेसीशहर मूल सडकको चामे गाउँपालिका खण्डको स्तरोन्नती गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने र गाउँपालिका भित्रका सबै टोल बस्तीलाई यातायात संजालले जोड्नको लागि बजेटको सुनिश्चिता गरेको छु ।

१३. चामे गाउँपालिका क्षेत्रभित्र बाह्रै मासे यातायात सुचारु गर्न **मर्मत सम्भार कोष**को स्थापनाका लागि रु. १० लाख विनियोजनको प्रस्ताव गरेको छु।

१४. चामे गाउँपालिका क्षेत्रभित्रका सडकहरुमा रहेका काठेपुललाई बिस्थापन गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिने छ ।

### सिंचाई

१५. कृषि क्षेत्रमा सिंचाईको पहुंच बढाउन गाउँपालिका क्षेत्रभित्रका खोला नालाको पहिचान गरी सिंचाईको सुविधा नभएका कृषि क्षेत्रहरुमा सिंचाई आयोजना सञ्चालन मार्फत सिंचाई सुविधा उपलब्ध गराइनेछ। स्प्रिङ्कल र थोपा सिंचाई प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

### भवन तथा बस्ती विकास

१६. भू-उपयोग नीति बनाई बस्ती विकास, आवास विकास, बजार व्यवस्थापन, कृषि तथा व्यवसाय क्षेत्र जस्ता क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित रुपमा विकास गर्न गाउँपालिका क्षेत्रको **भू-उपयोग नक्शाङ्कन** गर्न बजेटको व्यवस्था गरेको छु ।

१७. गाउँपालिका क्षेत्रको प्रमुख स्थानहरुमा निजी क्षेत्रको सहकार्यमा सडक बत्ती जडान, ट्राफिक पोष्ट निर्माण तथा बगैंचा निर्माण गरी डिजिटल विज्ञापन सेवा दिने व्यवस्थाका लागि बजेटको व्यवस्था मिलाएको छु ।

१८. गाउँपालिका क्षेत्रभित्र बलियो घर सुरक्षित घर निर्माण अभियान सञ्चालन गर्ने र नक्सापास नगरी घर बनाउनेलाई कारवाही गरिने नीति लिइने छ। गाउँपालिका भित्रका सम्पूर्ण घरलाई भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्न सम्भाव्यता अध्ययनका लागि बजेटको व्यवस्था गरेकोछु ।

## (ख) सामाजिक

### स्वास्थ्य

१९. यस गाउँपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा निःशुल्करुपमा उपलब्ध गराईनेछ। गाउँबासीलाई विशेषज्ञ सेवा उपलब्ध गराउन मुटुरोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर संचालनका लागि रु. ५ लाखको बजेट विनियोजन गरेको छु ।

२०. संघीय एवं प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य वीमा कार्यक्रममा सबैलाई सहभागी गराउन प्रोत्साहन गरिनेछ ।

२१. प्रदेश सरकारको सहकार्यमा ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गरिने छ ।

२२. संक्रामक महामारी रोग फैलन नदिन सेवा केन्द्र सम्म नै सतर्कता अपनाउनुका साथै आपत्कालीन अवस्थामा तत्कालै परिचालन हुन सक्ने गरी संघीय एवं प्रदेश सरकारको सहकार्यमा व्यवस्था मिलाईने छ। साथै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनीयतामा वृद्धि गरिने छ।

### शिक्षा

२३. सामुदायिक विद्यालयलाई गुणस्तरिय पठनपाठनको लागि विद्यार्थीको रोजाईमा पर्ने अवस्थामा पुऱ्याउन चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालयको आवासीय

कार्यक्रम र तिमाङको गौरीशंकर आधारभूत विद्यालयमा दिवा आवासिय कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाएको छु । साथै भवन, फर्निचर, कम्प्युटर, विज्ञान प्रयोगशाला लगायतका भौतिक पूर्वाधारले सुसज्जित बनाउन संघ र प्रदेश सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन हुने गरी व्यवस्था मिलाएको छु ।

२४. जिल्ला सरमुकामा रहेको यस गाउँपालिकामा स्नातक तहको पठन पाठन शुरु गर्न क्याम्पस स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरी सञ्चालन गर्न पहल गरिनेछ ।

२५. चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालय अन्तर्गत आगामी आर्थिक बर्षदेखि कृषि प्राविधिक शिक्षालयको स्थापना भई पठन पाठन सञ्चालन हुने गरी संघीय सरकारको सहयोगमा व्यवस्था मिलाएको छु ।

२६. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयको व्यवस्थितरुपमा सञ्चालन गर्न गाउँ शिक्षा नीति तर्जुमा गरी लागू गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

२७. सबै वडाहरुमा आधारभूत सरसफाई तथा स्वच्छ खानेपानी उपलब्ध गराउन एक घर एक धाराका लागि खानेपानी योजना संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

२८. गाउँपालिकाको सम्पूर्ण क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्न विस्तृत परियोजना प्रतिवेदनका आधारमा दिगो व्यवस्थापनका लागि फोहोर मैला व्यवस्थापन योजना संचालनका लागि रु. १ करोड बजेटको प्रस्ताव गरेको छु ।

**खेलकुद**

२९. गाउँपालिकास्तरीय फुटबल प्रतियोगितालाई निरन्तरता दिन र खेलकूलको विकासमा टेवा पुर्‍याउन आगामी वर्ष देखि गाउँपालिकाको स्थापना दिवसका दिन वडास्तरीय अध्यक्ष रनिङ शिल्डको आयोजना गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

३०. चामे गाउँपालिकाको वडा नं. १ तिमाङमा रहेको खेलमैदानलाई हाई अल्टिच्यूट तालिम केन्द्रकोरुपमा विकास गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी भौतिक पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

**महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**

३१. महिला, बालबालिका तथा लैङ्गिक असमानता र हिंसा निवारणको क्षेत्रमा भएका राम्रा अभ्यास र सिकाईहरुलाई अनुसरण गरिनेछ।लैङ्गिक समानताको अनुभूती गर्न र हिंसामुक्त समाज निर्माण गर्न व्यक्तित्व विकास, संरचनागत विकास र व्यवसायिक विकास गरिनेछ ।

३२. समाजमा स्थापित बौद्धिकस्तरका ज्येष्ठ नागरिकका सीप, ज्ञान, बुद्धि, विवेक र कार्यकौशलताको पहिचान गरी त्यसको उपयोग गरिनेछ ।

३३. एकवडा एक बाल उद्यानकेन्द्र बनाउन गाउँपालिका बासीको सहकार्यमा योजना सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

३४. आर्थिक रुपमा विपन्न महिला, दलित, अल्पसङख्यक तथा पिछडिएका समुदायको क्षमता वृद्धि गर्दै लगिनेछ।आयआर्जन तथा विकासमा सहभागिता गराउन सीप विकास तथा उद्यमीका लागि बजेटको व्यवस्था मिलाएको छु ।

३५. चामे गाउँपालिका भित्रका ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक एवं पूर्णरुपमा अपाङ्गता भएका स्थानीय बासीलाई भारी हिमपात परेको समय अवधिमा गाउँमै बसेका आधारमा मासिक रु. ५०० का दरले **हिउँ भत्ता** दिने कार्यको लागि रु. २ लाख बजेट प्रस्ताव गरेको छु ।

**कानुनी मामिला तथा न्याय**

३६. गाउँपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईनेछ।

३७. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अतिआवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

**(ग) आर्थिक**

**कृषि तथा पशुपंक्षी**

३८. यस गाउँपालिकाको समग्र कृषिक्षेत्रको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर भई बाह्य बजारमा निर्यात गर्न सक्ने अवास्थामा पुर्याउन उपयुक्त प्रविधि उपयोग गर्न सक्ने कृषक, युवा उद्यमी तथा विज्ञहरुको क्षमता विकासका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

३९. युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न तरकारी खेती, मौरीपालन, जडीबुटी खेती, च्याउ उत्पादन, पुष्प व्यवसाय तथा कृषि औजार उपकरणहरु आदिमा मापदण्ड बनाई उत्पादनमा आधारित अनुदानका लागि बजेट प्रस्ताव गरेको छु ।

४०. असन्तुलित र अनियन्त्रित विषादीहरुको प्रयोगबाट उत्पादित वस्तुहरुको उपभोगले जनस्वास्थ्य र पर्यावरणमा गम्भीर असर पार्ने हुनाले यसको नियन्त्रण गर्ने नीति लिइने छ र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने छ।

४१. तरकारी, स्याउ, दाँते ओखर, लसुन, आलु, मह, करु, फापर, कोलो (दलहन) जस्ता निर्यातजन्य कृषि उपजहरुको उत्पादन बृद्धि गरी गुणस्तरीयता कायम गर्न र मूल्य श्रृङ्खलामा आउने अवरोधहरु कम गर्न कृषक समूह, सहकारी तथा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ। कृषि उत्पादकत्व वृद्धि गर्न र कृषि भूमिमा सिंचाई सुविधा उपलब्ध गराउँन नदी तथा खोलाका खोंच किनाराहरुमा रहेका साना सिंचाई परियोजना सञ्चालन बजेटको व्यवस्था मिलाएको छु ।

४२. प्रत्येक वडाहरुमा सम्भाव्यता हेरी कम्तीमा एक वटा नमुना साझेदारी कृषि फर्म स्थापना र एक वडा एक उत्पादन गर्न प्रोत्साहनका लागि पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

४३. परम्मपरागत एवम् निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायीकरण, विविधिकरण तथा आधुनिकीकरणको माध्यमबाट पशुपन्छीजन्य वस्तुको उत्पादन, बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४४. गाउँपालिकामा रहेका सम्पूर्ण पशुपन्छीको विद्युतीय अभिलेखिकरण गर्न प्रणालीको विकास एवम् तालिम र आधुनिक गणना (ट्यागिङ) कार्यक्रम सञ्चालनका लागि रु. ४ लाख ५० हजारको बजेट प्रस्ताव गरेकोछु ।

४५. गाउँपालिका क्षेत्रका पशुपन्छी उत्पादक कृषक, कृषि समुह, सहकारी एवम् उद्यमीहरुलाई सहयोग पुर्याउन मापदण्ड बनाई स्थानीय तहबाटै एकीकृत रुपमा भेटेनरी प्राविधिक सेवा, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान (नश्ल सुधार) सेवा, पशु आहारा (घाँसमा आधारित पशुपालन) सेवा, पशु स्वास्थ्य सेवा र पशु वीमा जस्ता सेवाहरु सर्वसुलभ ढंगबाट उपलब्ध गराईनेछ र पशुवस्तुको श्रोतकेन्द्रको समेत विकास गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४६. गाउँपालिका क्षेत्रलाई पशुपन्छीजन्य पदार्थ (छुर्पी, चीज, अण्डा, मासु) उत्पादन र उपभोगमा आत्मनिर्भर बनाईनेछ। पोषणयुक्त खानपानको महत्व र उपाय बारे समुदाय स्तरमा चेतना पुर्‍याई खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याइनेछ।

४७. आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुपन्छी रोगहरुको रोकथाम र नियन्त्रण गरी स्वच्छ तथा स्वस्थ पशुपन्छीजन्य उत्पादनमा वृद्धि गर्न प्रोत्साहन गरिनेछ।

## उद्योग

४८. चामे गाउँपालिकाको छार्थाङ्गमा उद्योग ग्राम निर्माण गर्न प्रदेश सरकारको सहयोगमा सम्भाव्यता अध्ययन कार्य पूरा भई उद्योग ग्राम स्थापना गर्न प्रदेश सरकारको सहकार्यमा आवश्यक पहल गरिनेछ। संचालित उद्योगहरुलाई उत्पादन बढाउन र रोजगारीका अवसर सृजना गर्न प्रोत्साहन गरिनेछ।

## पर्यटन तथा संस्कृति विकास

४९. चामे गाउँपालिकाको समग्र पर्यटकीय क्षेत्रमा रहेका पर्यटकीय सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण र विकास गर्न **पर्यटक गुरुयोजना**का लागि रु. ९ लाख ५० हजार बजेट प्रस्ताव गरेको छु ।

५०. चामे गाउँपालिका बासीले परम्परागतरुपमा मनाउँदै आईरहेको धज्याङ्ग पर्व, यार्ताङ्ग पर्व, छार्ताङ् लगाएका सम्पूर्ण पर्वलाई जिवन्त राख्न विशेष स्थानको प्रबन्ध मिलाई सर्वसुलभ एवं मर्यादित बनाउँदै सँस्कृतिको जगेर्ना गरिनेछ ।

५१. चामे गाउँपालिकाभित्रका स्थानीय भाषा, संस्कृति, संस्कार, लिपी, लोकगाथा, पहिचान तथा इतिहास झल्कने गरी **उच्च हिमाली संग्रालय**को निर्माणका लागि पर्यटन गुरुयोजना मार्फत अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

५२. चामे गाउँपालिकामा पर्यटन भित्र्याउन आकर्षक कार्यक्रम ल्याइनेछ। साथै पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि गाउँपालिका क्षेत्रमा पर्यटन सूचना केन्द्रको स्थापनाका लागि रु. ६ लाख बजेट प्रस्ताव गरेकोछु ।

५३. पर्यटनका माध्यमबाट रोजगारी तथा आयआर्जन वृद्धिका लागि होमस्टे संचालन गर्न सार्वजनिक, निजी, सहकारी सामुदायिक क्षेत्रहरुसँग साझेदारी एवं सहकार्यमा चामे गाउँपालिकाको वडा नं. २ थानचोकलाई स्थान छनौट गरी प्रदेश सरकारको सहकार्यमा आवश्यक पूर्वाधर निर्माण गर्न पहल गरिनेछ । साथै उक्त स्थानमा सांस्कृतिक घर निर्माण गरी सबै जातजातिको नाच, कला एवं रितीरिवाज परम्पराको नियमित प्रदर्शनका लागि आवश्यक व्यवस्था मिलाउन प्रदेश सरकारसँग सहकार्य गरिने छ।

५४. चामे गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको अधिक्तम उपयोग गर्दै साहासिक खेलको क्यानोनिङ र रक क्लाईमिङका लागि पूर्वाधार निर्माण सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने कार्यको शुरुवात गरिनेछ ।

## सहकारी

५५. सहकारी संस्थाहरुको तथाङ्क अद्यावधिक गरी नियमित रुपमा अनुगमन गरिने कार्यको थालनी गरिनेछ ।

५६. उत्पादन, बजारीकरण, स्वरोजगार सृजना र सेवा व्यवसाय गर्न सहयोग पुऱ्याउने र संलग्न हुन चाहने सहकारी संस्थाहरुलाई अनुकूल वातावरण मिलाईनेछ ।

५७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई विदेशमा सिकेको ज्ञान र सीपलाई लक्षित गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गरिनेछ। साथै आर्थिक आयआर्जनका रुपमा बेरोजगार युवाहरुलाई स्वरोजगार तालिम उपलब्ध गराइनेछ।

## व्यापार

५८. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ।

### उपभोक्ता हित संरक्षण

५९. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्यको थालनी गरिनेछ।

६०. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ। तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ।

६१. प्लाष्टिकको उत्पादन र प्रयोगलाई निरुत्साहित गरिनेछ।

## (घ) वातावरण तथा विपद् व्यवस्थापन

### वन, वातावरण तथा भू-संरक्षण

६२. यस गाउँपालिकाभित्र गाउँ साझेदारी वन उद्यान कार्यक्रम सञ्चालन गरिनेछ। साथै जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम र बोटानिकल गार्डेन बनाउन संघीय सरकार एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

६३. पानी मुहानको संरक्षण गर्ने नीति लिइनेछ। वातावरण संरक्षणका लागि विशेष ध्यान दिनुका साथै वातावरण प्रदुषित गर्ने सबै वस्तु र कार्यलाई निरुत्साहित गरिनेछ। प्रत्येक घर, सुन्दर घर अभियान सञ्चालन गरिनेछ।

६४. गाउँको स्वामित्वमा भएका ऐलानी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरी त्यस्ता जग्गाको संरक्षण तथा व्यवस्थापन गरिनेछ । साथै भू-क्षय नियन्त्रणका लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

### फोरमैला व्यवस्थापन

६५. स्थानीय फोहोर मैला व्यवस्थापन आयोजना मार्फत फोहोर संकलन गर्दा नै गल्ने नगल्ने छुट्टाई बैज्ञानिकरुपमा व्यवस्थापन गरिनेछ। साथै फोहोरलाई मोहोरमा बदल्न निजी क्षेत्र तथा समुदायसँग सहकार्य गरिनेछ। कवाड व्यवसायीलाई केन्द्रिकृत गरी एकद्वार प्रणालीबाट निकासी गर्ने व्यवस्था मिलाइनेछ।

**जल उत्पन्न प्रकोप व्यवस्थापन**

६६. खोला तथा नदीमा नदीजन्य पदार्थ जम्मा भइ हुन सक्ने जोखिमबाट गाउँबस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ। साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने नदी कटान तथा बस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराइनेछ।

**विपद् व्यवस्थापन**

६७. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्डलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै **स्थानीय विपद् व्यवस्थापन कोष**को संचालन गरिनेछ।

६८. स्थानीय क्षेत्रमा हुन सक्ने विपद्लाई आँकलन गर्दै विपद् व्यवस्थापन कार्यलाई चुस्त बनाउन **स्थानीय विपद् व्यवस्थापन समिति**लाई सक्रिय बनाईनेछ ।

६९. स्थानीय नागरिकलाई विपद् व्यवस्थापन सम्बन्धी सूचना प्रवाह गर्न २४ सैं घण्टा सञ्चालन हुने गरी यसै आर्थिक वर्षदेखि **आपतकालीन केन्द्रको स्थापना** गर्न चामे गाउँपालिकाको वडा नं. ४ मा आपतकालिन केन्द्रसहितको मनास्लु भ्यू टावर निर्माणका लागि रु. १ करोड बजेट प्रस्ताव गरेको छु ।

७०. गाउँपालिका स्तरीय **विपद् पूर्व तयारी योजना** बनाउन बजेटको व्यवस्था मिलाएकोछु । साथै विकास निर्माणका कार्यमा जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गरिनेछ।

## (ङ) संस्थागत विकास, संचार र प्रविधि

७१. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ। कर्मचारीबाट **हाँसी खुशी काम र सोधी बुझी सेवा**गर्ने कार्य शैली अवलम्वन गरिनेछ।

**सुरक्षा व्यवस्थापन**

७२. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूती गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन सुरक्षा

जोखिम भएका बस्ती क्षेत्रमा सिसि क्यामारा जडान गर्न रु. ५ लाखको बजेट प्रस्ताव गरेको छु ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

७३. अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्णरुपमा बिस्तार गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ।

७४. कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

७५. चामे गाउँपालिकाको तीन वर्षे **आवधिक योजना** तयार गर्न बजेटको व्यवस्था मिलाएको छु । उक्त आवधिक योजनामा विषय, क्षेत्रगत लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष सहित मुख्य-मुख्य योजनाहरु समावेश गरिनेछ।

७६. वार्षिक योजना तर्जुमा कार्यान्वयन गर्दा पाँच लाख भन्दा ठूला योजना निर्माण व्यवसायिक मार्फत गाउँ कार्यपालिकाको कार्यालयबाट गर्ने र पाँच लाखभन्दा कमका योजनाहरु वडाकार्यालय मार्फत उपभोगता समितिद्वारा निर्माण गरिने नीतिलाई पूर्णरुपमा पालन गर्ने व्यवस्था मिलाईनेछ । योजना अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सुदृढ बनाइनेछ।

७७. प्रारम्भिक सर्वेक्षण भएका र विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार भएका योजनालाई छनोट गर्ने प्रणाली स्थापित गरिनेछ।साथै स्थानीय तहमा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गरिनेछ।

७८. गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनालाई जनसहभागितामूलक बनाउने कार्यको थालनी गरिनेछ ।

**सुशासन प्रर्वद्धन**

७९. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सुलभ बनाईनेछ। पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

८०. नेपाल सरकारबाट निजामती कमर्चारीका लागि घोषणा गरिएको तलब बृद्धि दरमा एकरुपता हुने गरी चामे गाउँपालिकामा कार्यरत कमर्चारीको तलव बृद्धि समायोजन गरिनेछ। स्थानीय तहको तहगत संरचना अनुसार तलब स्केल कायम गरिनेछ।

८१. चामे गाउँपालिकाको राजश्व प्रशासनलाई सीप, साधन र स्रोत उपलब्ध गराई सुदृढ बनाईनेछ। सबै वडा कार्यालयबाट कर बुझाउन सक्ने व्यवस्था क्रमशः मिलाइनेछ। करदातालाई कर तिर्न उत्प्रेरित गर्ने नीति लिइनेछ।**हामीले तिर्ने करबाट हाम्रै विकास हुने हो** भन्ने भावना जागृत गराइनेछ।सबै भन्दा धेरै कर बुझाउने एक जना उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।

८२. चामे गाउँपालिकालाई बुझाउनु पर्ने कर दायित्व समयमा नै नबुझाएका बासिन्दालाई गाउँपालिकाबाट उपलब्ध हुने अनुदानमा कटौती गरिनेछ ।

**संचार**

८३. गाउँपालिकाबाट प्रवाह गरीने सूचनामा सबैको सहज पहुँज र सूचना प्रवाहमा सरलीकरण गरिनेछ।

८४. विकासका गतिविधिहरुलाई संचार माध्यम मार्फत जनसमक्ष पुऱ्याउन चामे गाउँपालिका भित्र **एफ.एम.रेडियो सञ्चालन** गर्न सम्भाव्यन अध्ययनका लागि बजेट प्रस्ताव
गरेकोछु ।

८५. गाउँपालिकाको वडा नं. १ र २ मा भर्दो इन्टरनेट सेवा विस्तारका लागि प्रदेश सरकार तथा संघीय सरकारसँगको सहकार्यमा कार्यक्रम सञ्चालन बजेटको व्यवस्था मिलाएकोछु ।

*सभाध्यक्ष महोदय,*

८६. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८७. आगामी आर्थिक वर्ष २०७६/७७ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १७ करोड ३३ लाख १७ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु खर्च तर्फ रु. ९ करोड ४१ लाख ८९ हजार अर्थात् ५४ प्रतिशत र

पूँजीगत खर्च तर्फ रु. ७ करोड ९१ लाख २८ हजार अर्थात् ४६ प्रतिशत रहेको छ ।

८८. आगामी आर्थिक वर्ष २०७६/७७ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक तर्फको राजस्वबाट रु. ७० लाख ५ हजार, नगद मौज्दात रु. ४७ लाख ४४ हजार गरी रु. १ करोड १७ लाख ४९ हजार, संघीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ रु. ६ करोड ६४ लाख, संघीय सरकार शर्सत अनुदान तर्फ रु. ३ करोड ७८ लाख, संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु. ३ करोड ५० लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान तर्फ रु. १ करोड २० लाख ३३ हजार, प्रदेश सरकार शर्सत अनुदान तर्फ रु. १ करोड र राजस्व बाँडफाँड तर्फ रु. ३ लाख ३५ हजार रहने अनुमान गरेको छु ।

*सभाध्यक्ष महोदय,*

८९. यो बजेट तर्जुमाका सिलसिलामा प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने चामे गाउँपालिकाका अध्यक्षज्यू, वडाका वडाध्यक्षहरु, कार्यपालिकासदस्यहरु, सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका नेताहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु, संचारकर्मीहरु लगायत यस गाउँको समृद्धिका लागि चासो र सरोकार राख्ने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

*धन्यवाद।*

# अनुसूचीहरू

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिमसंञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | वजेटप्राप्तिका श्रोत | चालु खर्च | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | संघीय सरकार समानीकरण अनुदान | - | ६ करोड ६४ लाख | - | ६ करोड ६४ लाख |
| २ | | संघीय सरकार शसर्त अनुदान | ३ करोड ३४ लाख ६८ हजार | ४३ लाख ३२ हजार | - | ३ करोड ७८ लाख |
| ३ | | संघीय सरकार राजश्व वाँडफाँड | ३ करोड ५० लाख | - | - | ३ करोड ५० लाख |
| ४ | | प्रदेश सरकार समानीकरण अनुदान | - | १ करोड २० लाख ३३ हजार | - | १ करोड २० लाख ३३ हजार |
| ५ | | प्रदेश सरकार शसर्त अनुदान पूँजीगत | | १ करोड | | १ करोड |
| ६ | | प्रदेश सरकार राजश्व वाँडफाँड | ३ लाख ३५ हजार | | - | ३ लाख ३५ हजार |
| ७ | | आन्तरिक आय | ४० लाख | - | - | ४० लाख |
| ८ | | आन्तरिक आय गतको मौजदात | ४७ लाख ४४ हजार | | | ४७ लाख ४४ हजार |
| ९ | | आन्तरिक आय जनसहभागीता | ३० लाख ५ हजार | - | - | ३० लाख ५ हजार |
| | | जम्मा | ९ करोड ४१ लाख ८९ हजार | ७ करोड ९1लाख २८ हजार | | १७ करोड ३३ लाख १७ हजार |

## अनुसूची-२

आ.व २०७६/०७७ मा यस चामे गाउँपालिकाको संञ्चित कोषवाट देहाय वमोजिम शिर्षकगत र क्षेत्रगत खर्च गरिनेछ ।

(क) संचालन खर्च(चालु तर्फ)

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार | राजस्व बाँडफाँड-प्रदेश सरकार | नेपाल सरकार-समानिकरण अनुदान | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १५७५५ | १३००० | | | २७५५ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ३४०० | ३४०० | | | ० |
| ३ | २११२१ | पोशाक | ५४० | ४५० | | | ९० |
| ४ | २११३१ | स्थानीय भत्ता | ४००८ | ३४०० | | | ६०८ |
| ५ | २११३२ | महंगी भत्ता | ८५६ | ७२० | | | १३६ |
| ६ | २११३३ | फिल्ड भत्ता | १०० | ० | | | १०० |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | ३०० | ० | ३०० | | ० |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०० | ० | | | १०० |
| ९ | २११३९ | अन्य भत्ता | ३०० | १२५ | | | १७५ |
| १० | २११४१ | पदाधिकारी बैठक भत्ता | १००० | ० | | | १००० |
| ११ | २११४२ | पदाधिकारी अन्य सुविधा (सञ्चार) | १०० | १०० | | | ० |
| १२ | २१२१३ | योगदानमा आधारित बीमा कोष | १२० | १२० | | | ० |
| १३ | २१२१४ | कर्मचारी कल्याण कोष | २०० | २०० | | | ० |
| १४ | २२१११ | पानी तथा बिजुली | १०० | १०० | | | ० |
| १५ | २२११२ | संचार महसुल | ४०० | ४०० | | | ० |
| १६ | २२२११ | इन्धन (पदाधिकारी) | ५०० | ५०० | | | ० |
| १७ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ८०० | ५०० | | | ३०० |
| १८ | २२२१३ | सवारी साधन मर्मत खर्च | ७०० | ५०० | | | २०० |
| १९ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ३०० | २२० | | | ८० |
| २० | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५०० | ५०० | | | ० |
| २१ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १५०० | १००० | | | ५०० |
| २२ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ३०० | २६५ | ३५ | | ० |

रकम रू. हजारमा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००० | ५०० | | | ५०० |
| २४ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ३०० | ० | | | ३०० |
| २५ | २२४११ | सेवा र परामर्श खर्च | ५०० | ० | | | ५०० |
| २६ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०० | ५०० | | | ० |
| २७ | २२४१३ | करार सेवा शुल्क | २८०० | २८०० | | | ० |
| २८ | २२४१४ | सरसफाई सेवा शुल्क | ३०० | ३०० | | | ० |
| २९ | २२५११ | कर्मचारी तालिम खर्च | २०० | २०० | | | ० |
| ३० | २२५२९ | विविध कार्यक्रम खर्च | ३०० | ३०० | | | ० |
| ३१ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १५०० | ७०० | | | ८०० |
| ३२ | २२६१२ | भ्रमण खर्च | ८०० | ८०० | | | ० |
| ३३ | २२७११ | विविध खर्च | १२०० | ७०० | | | ५०० |
| ३४ | २२७२१ | सभा सञ्चालन खर्च | ८०० | ८०० | | | ० |
| ३५ | २५३१५ | अन्य सहायता | ३०० | ३०० | | | ० |
| ३६ | २७१११ | सामाजिक सुरक्षा | २०० | २०० | | | ० |
| ३७ | २७२११ | छात्रवृत्ति | १०० | ० | | | १०० |
| ३८ | २७२१२ | उद्दार, राहत तथा पुर्नस्थापना खर्च | १०० | १०० | | | ० |
| ३९ | २८१४२ | घर भाडा | ५०० | ५०० | | | ० |
| ४० | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५०० | ५०० | | | ० |
| ४१ | २८९११ | भैपरी आउने चालु खर्च | ३०० | ३०० | | | ० |
| | | **कूल जम्मा =** | ४४०७९ | ३५००० | ३३५ | ० | ८७४४ |

०

(ख) गाउँपा लकाका गौरवका आयोजनाहरु

रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| 1 | २५३११ | लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन कार्यक्रम | ५५०० | ५५०० | | | |
| 2 | ३११५८ | चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन आयोजना | १०००० | १०००० | | | |
| 3 | ३१११२ | आपतकालिन केन्द्रसहितको मनास्लु भ्यू टावर निर्माण योजना | १०००० | १०००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 4 | ३११३५ | स्थानीय आवधिक योजना तर्जुमा कार्यक्रम | १००० | १००० | | | 0 |
| 5 | ३११३५ | चामे बसपार्क निर्माण योजनाको बिस्तृत आयोजना प्रतिवेदन (डिपीपार) तयार कार्यक्रम | ५०० | ५०० | | | |
| 6 | ३११३५ | संघ र प्रदेश सरकारको समन्वयमा मार्बल खानी उत्त्खन्न एवं प्रशोधनको सम्भाव्यता अध्ययन | ५०० | ५०० | | | |
| 6 | ३११३५ | स्थानीय पर्यटन गुरुयोजना तयार कार्यक्रम | ९५० | ९५० | | | |
| 7 | ३११३५ | स्थानीय भू-उपयोग नक्शाङ्कन कार्यक्रम | ४५० | ४५० | | | |
| 8 | ३१११२ | चामे सिटीहल निर्माण | १०००० | १०००० | | | |
| | | **जम्मा =** | ३८९०० | ३८९०० | ० | | ० |

(ग) गाउँपा लकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | २७२१२ | प्रकोप व्यवस्थापन तथा उद्धार कोष | ३०० | ३०० | | | |
| २ | २२५१२ | जनप्रतिनिधी एवं कर्मचारीको क्षमता विकास तालिम कार्यक्रम | ५०० | ५०० | ० | ० | ० |
| ३ | २२५२२ | कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम | ५५४२ | ३५६२ | ० | | १९८० |
| ४ | २२५२२ | पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम | २२५० | १९०० | ० | | ३५० |
| ५ | २२५२२ | गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम | ७०० | ७०० | ० | ० | ० |
| ६ | २२५२२ | मुटुरोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन | ५०० | ५०० | ० | ० | ० |
| ७ | २२५२२ | गाउँपालिका अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता | ३०० | ० | ३०० | | |
| ८ | ३११७१ | समपुरक कोष | ३००० | ३००० | | | |
| ९ | ३११७१ | मर्मत सम्भार कोष | १००० | १००० | | | |
| १० | ३११३४ | गाउँपालिकाको सूचना प्रविधिको लागि कम्प्यूटर सफ्टवेयर तथा सर्भर खरिद कार्यक्रम | २५०० | २५०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ३११२२ | वडा नं. १, २ र ३ को वडा कार्यालयमा नेटवर्किङ्ग र इन्टरनेट सेवा विस्तार | ३०० | | ३०० | | |
| १२ | ३११२२ | मेसीनरी औजार तथा अन्य उपकरण खरिद | ५०० | ५०० | | | |
| १३ | ३११२२ | चामे गाउँपालिकाको मुख्य मुख्य चोकमा बिजुलीको पोल लाईट जडान | ३०० | ३०० | | | |
| १४ | ३११२२ | गाउँपालिकाको अति संवेदनशिल क्षेत्रमा सुरक्षा निकायको सहकार्यमा सि.सि.क्यामरा जडान | ५०० | ५०० | | | |
| १५ | ३११२२ | विपद् उद्धार सामग्री खरिद | ३०० | ३०० | | | |
| १६ | ३११२२ | गाउँपालिका भवनमा पावर व्याकप जडान | ५०० | ० | ५०० | | |
| १७ | ३११२२ | गाउँपालिका भवनमा कम्प्यूटर नेटवर्किङ्ग लाईन विस्तार | ५०० | ० | ५०० | | |
| १८ | ३११५६ | चामे गा.पा.मा खानेपानी व्यवस्थापनका लागि पाईप खरीद कार्यक्रम | ५०० | ५०० | | | |
| १९ | ३१११५ | चामे गाउँपालिकाको लागि फर्निचर तथा फिक्चर्स खर्च | ५०० | ५०० | | | |
| २० | ३११२१ | आवासिय विद्यालयलाई स्कुल बस खरिद | ६५०० | ६५०० | | | |
| २१ | ३११५९ | एक वडा एक बाल उद्यान केन्द्र निर्माण योजना | ६२५ | ५०० | | | १२५ |
| २२ | २५३११ | गौरी शंकर आ.वि.दिवा आवासीय कार्यक्रम | ५०० | ० | ५०० | | |
| २३ | ३११३५ | स्थानीय एफ.एम.रेडियो सञ्चालनका लागि सम्भाव्यता अध्ययन | १०० | १०० | | | |
| २४ | ३११३५ | स्थानीय विपद् व्यवस्थापन प्रतिकार्य योजना तयार र प्रकाशन कार्यक्रम | ५०० | ५०० | | | |
| २५ | ३१५११ | भैपरी आउने पूँजीगत खर्च | ७६७१ | १३८८ | ६२८३ | | |
| | | **जम्मा =** | ३६३८८ | २५५५० | ८३८३ | ० | २४५५.० |

## (घ) वडास्तरीय आयोजनाहरु

वडा नं. १ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कुल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११३५ | लाटामराङ जाने बाटो सर्भे योजना | १०० | १०० | ० | | |
| २ | ३११५१ | पावरहाउस जाने बैकल्पिक बाटो | ५०० | ४५० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण | | | | | |
| ३ | ३११३५ | चार्चे जाने बाटो सर्भे योजना | १०० | | 100 | | |
| ४ | २२२३१ | स्याक्र्यूको छ्योर्तेन मर्मत सम्भार योजना | २०० | | 180 | | 20 |
| | | **जम्मा =** | ९०० | ५५० | २८० | ० | ७० |

वडा नं. २ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५८ | थानचोक ढल निकास योजना | ५०० | | ४०० | | १०० |
| २ | ३१११२ | थानचोकमा अन्नबाली संकलन तथा भण्डारण केन्द्र | ३०० | | २४० | | ६० |
| | | **जम्मा =** | ८०० | ० | ६४० | ० | १६० |

वडा नं. ३ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३१११२ | कोतो आमा समूहको जग्गामा सार्वजनिक शौचालय निर्माण | ७०० | | ४९० | | २१० |
| २ | ३११५८ | छितिपुरको ढल निकासा योजना | २०० | | १६० | | ४० |
| | | **जम्मा =** | ९०० | ० | ६५० | ० | २५० |

वडा नं. ४ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ३११११२ | स्थानीय पर्यटन सूचना केन्द्रको पूर्वाधार निर्माण | ६०० | ६०० | 0 | | |
| २ | ३११५१ | चामेको छार्थाङ्ग उद्योग ग्राम निर्माण स्थलको बाटो स्तरोन्नती | ८०० | ८०० | 0 | | |
| ३ | ३११५१ | रणदल गुल्मदेखि चियान घरसम्म मोटरबाटो निर्माण योजना | १००० | | १००० | | ० |
| | | **जम्मा =** | २४०० | १४०० | १००० | ० | ० |

वडा नं. ५ रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार- समानिकरण अनुदान | प्रदेश सरकार- समानिकरण अनुदान | राजस्व बाँडफाँड- प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११३५ | अन्नपूर्ण-मनास्लु भ्यू टावर निर्माणको डिपीआर गर्ने | ३०० | | ३०० | | |
| २ | ३११३५ | तातोपानी पदमार्ग सर्वे योजना | २०० | | २०० | | |
| ३ | ३१११२ | पान्तुङ्फाँटमा अन्नबाली संकलन तथा भण्डारण केन्द्र | ३०० | | २४० | | ६० |
| ४ | २२२३१ | पुरानो चामे गुम्वा प्लाष्टर र रंगरोगन | ३०० | | ३०० | | ० |
| ५ | २२२३१ | तलेखु गुम्वा वायरीङ्ग | ५० | | ४० | | १० |
| | | **जम्मा =** | ११५० | ० | १०८० | ० | ७० |

(ङ) सशर्त अनुदान (संघीय सरकार)

आ.व. : २०७६/७७ बजेटको स्रोत तह : नेपाल सरकार

रु. हजारमा

| स.नं. | अनुदान प्राप्त क्रयाकलाप | सब प्रोजेक्ट | उप क्षेत्र | Primary source | Secondary source | वनियोजन रु. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चौमा सक | दोश्रो चौमा सक | तेस्रो चौमा सक | जम्मा |
| १ | सहकारी सचाई, साना सचाई मर्मत सम्भार तथा निर्माण | कृ ष वभाग - 31201011 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ५०० | ० | ० | ५०० |
| २ | भकारो सुधार कार्यक्रम | केन्द्रिय कृ ष प्रयोगशाला कार्यक्रम - 31201105 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३०० | ० | ० | ३०० |
| ३ | माटो परिक्षण गरी माटो सुधारको ला ग सामग्री/ प्र व ध वतरण/ हस्तान्तरण | केन्द्रिय कृ ष प्रयोगशाला कार्यक्रम - 31201105 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २०० | ० | ० | २०० |
| ४ | पशु स्वास्थ व्यवस्थापनको ला ग ओष ध वतरण | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १४५ | ० | ० | १४५ |
| ५ | पशुपन्छी तथा मत्स्य उपचार सेवा | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ६० | ० | ० | ६० |
| ६ | वर्ड फ्लु रोग लगायत अन्यरोगहरुको नियन्त्रणको ला ग वैठक तथा नमुना संकलन गरी पठाउने तथा प्रदेश तथा संघमा रिपोर्टिङ्ग गर्ने | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ७५ | ० | ० | ७५ |
| ७ | व भन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्र मक | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२५ | ० | ० | १२५ |
| ८ | तरल नाईट्रोजन ढुवानी भण्डारण तथा वतरण तथा व्यवस्थापन | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम - 31202103 | कृ ष | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २४० | ० | ० | २४० |
| ९ | आधारभूत तहका स्वीकृत दरवन्दीका शक्षक, राहत अनुदान शक्षकका ला ग तलब भत्ता अनुदान ( वशेष शक्षा | सबैका ला ग शक्षा- आधारभूत तह - 35000014 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १५५२५ | ० | ० | १५५२५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिषद अन्तरगतका शक्षक/कर्मचारीहरु समेत) | | | | | | | | |
| १० | माध्य मक तहका स्वीकृत दरवन्दीका शक्षक, राहत अनुदान शक्षक ला ग तलब भत्ता अनुदान ( वशेष शक्षा परिषद अन्तरगतका शक्षक/कर्मचारी,प्रा व धक धारका प्र शक्षक समेत) | माध्या मक तह - 35000015 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ४९५७ | ० | ० | ४९५७ |
| ११ | प्रति वद्यार्थी लागतका आधारमा शक्षण सकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | १० | ० | ० | १० |
| १२ | प्रति वद्यार्थी लागतका आधारमा शक्षण सकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | १७ | ० | ० | १७ |
| १३ | प्रति वद्यार्थी लागतका आधारमा शक्षण सकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ६० | ० | ० | ६० |
| १४ | प्रारम्भिक बाल वकास सहजकर्ताहरुको पारिश्र मक तथा वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | ११५ | ० | ० | ११५ |
| १५ | प्रारम्भिक बाल वकास सहजकर्ताहरुको पारिश्र मक तथा वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | २०४ | ० | ० | २०४ |
| १६ | प्रारम्भिक बाल वकास सहजकर्ताहरुको पारिश्र मक तथा वद्यालय कर्मचारी व्यबस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ७५८ | ० | ० | ७५८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | वद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १५९४ | ० | ० | १५९४ |
| १८ | वद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | ४५२ | ० | ० | ४५२ |
| १९ | वद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | २५४ | ० | ० | २५४ |
| २० | वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३७३ | ० | ० | ३७३ |
| २१ | वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | ५९ | ० | ० | ५९ |
| २२ | वद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | १०५ | ० | ० | १०५ |
| २३ | वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ७०४ | ० | ० | ७०४ |
| २४ | वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | २०० | ० | ० | २०० |
| २५ | वद्यालयमा शै क्षक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | ११२ | ० | ० | ११२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शक्षा कार्यक्रम (परंपरागत वद्यालय, वैकल्पिक वद्यालय, साक्षरता र निरन्तर शक्षाका कार्यक्रम समेत) | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०५ | ० | ० | १०५ |
| २७ | शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शक्षा कार्यक्रम (परंपरागत वद्यालय, वैकल्पिक वद्यालय, साक्षरता र निरन्तर शक्षाका कार्यक्रम समेत) | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | ३० | ० | ० | ३० |
| २८ | शै क्षक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शक्षा कार्यक्रम (परंपरागत वद्यालय, वैकल्पिक वद्यालय, साक्षरता र निरन्तर शक्षाका कार्यक्रम समेत) | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | १७ | ० | ० | १७ |
| २९ | सार्वजनिक वद्यालयका वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | २५ | ० | ० | २५ |
| ३० | सार्वजनिक वद्यालयका वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | १४ | ० | ० | १४ |
| ३१ | सार्वजनिक वद्यालयका वद्यार्थीहरुका ला ग निशुल्क पाठ्यपुस्तक अनुदान | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ८९ | ० | ० | ८९ |
| ३२ | सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | वद्यालय क्षेत्र वकास कार्यक्रम-जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्ना हुने ऋण | १६७ | ० | ० | १६७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ५९३ | ० | ० | ५९३ |
| ३४ | सार्वजनिक वद्यालयमा अध्ययनरत वद्यार्थीहरुका ला ग छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | वद्यालय क्षेत्र वकास कार्यक्रम- जिल्ला स्तर - 35000801 | शक्षा | नेपाल सरकार | एस.एस. ड. प. - सोधभर्नाहुने अनुदान | ११९ | ० | ० | ११९ |
| ३५ | स्थानीय तहका स्वास्थ्य चौकी,प्रा स्वा के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महगी भत्ता स्थानीय भत्ता पोषाक लगायत अन्य प्रशासनीक खर्च समेत | प्राथ मक स्वास्थ्य सेवा - 37001012 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३१८५ | ० | ० | ३१८५ |
| ३६ | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औस ध एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रमका ला ग आवश्यक स्टेशनरी तथा फर्म फरमेट फोटोकपी, बिरामीको व्यक्तिगत ववरण ई-टि.बि रजिस्टरमा अध्याव धक, समुदाय परिचालन गरि क्षयरोग वरामी निदानका ला ग प्रेषण तथा उपचार, वश्व क्ष | क्षयरोग नियन्त्रण - 37001101 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३० | ० | ० | ३० |
| ३७ | कार्यक्रमको निय मत अनुगमन तथा मुल्यांकन गरि कार्यक्रमको गुणस्तरीयता सुनिस्चित गर्ने, स्थलगत अनु शक्षण गरि स्वास्थ्यक र्महरूको क्षमता अ भवृध्दि, क्षयरोगका बिरामीको उपचारको नतिजको कोहर्ट वश्लेषण तथा कार्यक्रमको चौमा सक स मक्षा | क्षयरोग नियन्त्रण - 37001101 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ६० | ० | ० | ६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूच कम भएका, कारागार, गुम्बा, स्कुल, बृधाश्रम,उद्योग भएको क्षेत्र, शहरी घनाबस्ती, लगायत अन्य क्षयरोगका जो खमयुक्त जनसंख्यामा माइक्रोस्को पक क्याम्प लगायतका अन्य सकृय क्षयरोग खोजपडताल कार्यक्रम | क्षयरोग नियन्त्रण - 37001101 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २५ | ० | ० | २५ |
| ३९ | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ५३२ | ० | ० | ५३२ |
| ४० | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका ला ग औजार⁄उपकरण खरिद | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २७ | ० | ० | २७ |
| ४१ | मातृ तथा नव शशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ४२ | मातृ तथा नव शशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, ANC, न्यानो झोला, Vitamin K Magnesium Sulphate, Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०५ | ० | ० | १०५ |
| ४३ | मातृ तथा नव शशु कार्यक्रमका ला ग व्यक्ति करार | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २६६ | ० | ० | २६६ |
| ४४ | खोप केन्द्र निमार्ण | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२ | ० | ० | १२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | दानुरा रुवेला खोप अ भयान | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १५ | ० | ० | १५ |
| ४६ | निय मत तथा पुर्ण खोप दिगोपना र खोप ढुवानी | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १४४ | ० | ० | १४४ |
| ४७ | पोषण कार्यक्रम (नेपाल सरकार) | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २८७ | ० | ० | २८७ |
| ४८ | पोषण कार्यक्रम (युनीसेफ) | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | युनिसेफ - सोझै भुक्तानी अनुदान | १०० | ० | ० | १०० |
| ४९ | रोटा खोप सुरुवात | ए ककृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ५० | नसर्ने रोग सम्बन्धि कार्यक्रम (अ भमु खकरण, नसर्ने रोग तथा मान सक स्वास्थ्यसम्बन्धि सचेतना कार्यक्रम(Hypertension, Diabetes, COPD, Cancer days ) ) | महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ७० | ० | ० | ७० |
| ५१ | महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने, चौमा शक रिभ्यु तथा अ भमुखीकरण गर्ने | महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ६० | ० | ० | ६० |
| ५२ | मान सक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने (आत्महत्या रोकथाम दिवस, मान सक स्वास्थ्य दिवस, अल्जाईमर दिवस)मान सक स्वास्थ्य समस्याबाट प्रभा वत ब्यक्तिका परिवारका सदस्यहरु (स्याहारकर्ताहरु ) का लागी क्षमता अ भब्रिधी कार्यक्रम | महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १९ | ० | ० | १९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | रेबिज, सर्पदंश आदिको जनचेतनासम्बन्धि प्रचार प्रसार तथा दिवस मनाउने पशु पंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, ए यम आर सष्टिसर्को सस, टक्सोप्लाज्मो सस आदी व भन्न सरुवारोग सम्बन्धि रोकथाम र सचेतना कार्यक्रम | महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | २० | ० | ० | २० |
| ५४ | वशव कुष्ठरोग दिवस तथा अपांगता दिवसको उपलक्ष्यमा कार्यक्रम | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम - 37001106 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १५ | ० | ० | १५ |
| ५५ | स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मा सक, चौमा सक स मक्षा, सूचना संकलन, गुणस्तर सुधार साथै वधुतिय प्रतिवेदनका ला ग इन्टरनेट सेवा समशुल भुक्तानी समेत | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली - 37001108 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ४९ | ० | ० | ४९ |
| ५६ | बिद्यालय स्वास्थ्य शक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका ला ग सामाजिक व्यवहार परिवर्तन प्रवर्ध्दन अ भयान | राष्ट्रिय स्वास्थ्य शक्षा, सूचना तथा संचार केन्द्र - 37001109 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२५ | ० | ० | १२५ |
| ५७ | स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीका ला ग संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन सम्वन्धी Wholesite Orientation | राष्ट्रिय ता लम कार्यक्रम - 37001802 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ७०० | ० | ० | ७०० |
| ५८ | वरामीको ला ग ओ. प. ड.टिकट (कार्वन कपी सहितको ) छपाई | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ५९ | आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य सम्वन्धि म. स्वा. स्वयंसे वकाहरु तथा स्वास्थ्य शक्षकहरुको लागी अ भमु खकरण | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ८० | ० | ० | ८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६० | आधारभूत तथा आकस्मिक सेवा स्वास्थ्य चौकी/प्रा. स्वा. के./ प्राथ मक अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुगमन सम्वन्धि अ भमु खकरण कार्यक्रम | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ६१ | आधारभूत तथा आकस्मिक सेवाको ला ग औष ध खरिद ( पूर्वानुमान, परिमाण निर्धारण तथा स्पे श फकेसन तयार गर्ने कार्यको समेत खर्च ) | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ६५० | ० | ० | ६५० |
| ६२ | औष धको समु चत प्रयोग प्रवर्धनको ला ग साथी समुह शक्षा कार्यकम ( peer group discussion) तथा आधारभूत स्वास्थ्य सेवा सम्वन्धि स्तरीय उपचार प द्धति अ भमु खकरण तथा स मक्षा कार्यक्रम | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२५ | ० | ० | १२५ |
| ६३ | न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका ला ग आवश्यक औजार उपकरण तथा स्वास्थ्य समाग्री खरिद, मर्मत तथा व्यवस्थापन | उपचारात्मक सेवा कार्यक्रम - 37001901 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १५० | ० | ० | १५० |
| ६४ | महीला स्वास्थ्य स्वयं से वका कार्यक्रम (अर्ध वा र्षक स मक्षा र दिवस मनाउने) | न र्सङ तथा सामाज क सुरक्षा सेवा र्कायक्रमन र्स - 37001902 | स्वास्थ्य | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२ | ० | ० | १२ |
| ६५ | राष्ट्रपति रनिङ्ग सल्ड प्रतियो गता (स्थानीय तहस्तरीय) | खेलकुद वकास कार्यक्रम - 34300102 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ६६ | एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम | राष्ट्रिय युवा परिषद् - 34341012 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ५०० | ० | ० | ५०० |
| ६७ | नमुना युवा संसद अभ्यास | राष्ट्रिय युवा परिषद् - 34341012 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १२५ | ० | ० | १२५ |
| ६८ | युवा प्रतिभा पहिचान र प्रोत्साहन | राष्ट्रिय युवा परिषद् - 34341012 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ४० | ० | ० | ४० |
| ६९ | युवा परिचालन | राष्ट्रिय युवा परिषद् - 34341012 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७० | सार्वजनिक शिक्षा सवलीकरण | राष्ट्रिय युवा परिषद् - 34341012 | युवा तथा खेलकुद | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३५ | ० | ० | ३५ |
| ७१ | नवीकरणीय ऊर्जा प्रबि धहरु ( लघु तथा साना जलबिधुत, सौर्य ऊर्जा, वायोग्यास, वायोमास, ऊर्जाको उत्पादनमुलक परिप्रयोग) मार्फत ऊर्जा उत्पादन र परिप्रयोग | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम - 30800104 | उर्जा | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १०५५ | ० | ० | १०५५ |
| ७२ | अस्थायी तथा करार कर्मचारीका लागि पोशाक | प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102 | श्रम तथा रोजगारी | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ७३ | कार्यालय संचालन तथा मसलन्द खर्च | प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102 | श्रम तथा रोजगारी | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ५० | ० | ० | ५० |
| ७४ | तलव | प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102 | श्रम तथा रोजगारी | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ३५१ | ० | ० | ३५१ |
| ७५ | रोजगार संयोजकहरुको लागि स्थानीय भत्ता | प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102 | श्रम तथा रोजगारी | नेपाल सरकार | नेपाल सरकार - नगद अनुदान | ८८ | ० | ० | ८८ |
| | | | | | कुल जम्मा | ३७८०० | ० | ० | ३७८०० |

(च) सशर्त अनुदान (प्रदेश सरकार)

| स.नं. | अनुदान प्राप्त क्रयाकलाप | सब प्रोजेक्ट | उप क्षेत्र | **Primary source** | **Secondary source** | विनियोजन रु. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| १ | चामे सटी हल | ४०२०३ | | प्रदेश सरकार | प्रदेश सरकार - नगद अनुदान | ३३०० | ३३०० | ३४०० | १०००० |